# रोङ गाउँपालिका

# रोङ राजपत्र

खण्ड : २ | संख्याः २ | प्रकाशित मितिः २०७५/०२/१६

## भाग-१

# रोङ गाउँपालिकाको प्रशासकीय कार्यविधि (नियमित गर्ने) ऐन ,२०७४

रोङ गाउँपालिका
२०७३

# रोङ गाउँपालिकाको प्रशासकीय कार्यविधि (नियमित गर्ने) ऐन, २०७४

**गाउँसभाबाट पारित मिति : २०७५/०२/११**

**<u>२०७४ सालको ऐन नं......</u>**

**<u>प्रस्तावना :</u>** नेपालको संविधानको अनुसूची ८ र ९ तथा स्थानीय सरकार सञ्चालन ऐन, २०७४ बमोजिम स्थानीय तहलाई तोकिएको अधिकार क्षेत्रभित्रका विषयमा आवश्यक कानून बनाई प्रशासकीय कार्यविधि नियमित गर्न बाञ्छनीय भएकाले स्थानीय सरकार सञ्चालन ऐन ,२०७४ को दफा १०२ को उपदफा (१) बमोजिम रोङ गाउँपालिकाको सभाले यो ऐन बनाएको छ ।

१. **<u>संक्षिप्त नाम, विस्तार र प्रारम्भ</u>** : (१) यो ऐनको नाम रोङ गाउँपालिकाको प्रशासकीय कार्यविधि (नियमित गर्ने) ऐन, २०७४ रहेको छ ।

(२) यो ऐन रोङ गाउँपालिका क्षेत्रभित्र तुरुन्त लागू हुनेछ ।

२. **<u>परिभाषा</u>**: (१) बिषय वा प्रसङ्गले अर्को अर्थ नलागेमा यस ऐनमा :

(क) "ऐन" भन्नाले रोङ गाउँपालिकाको प्रशासकीय कार्यविधि (नियमित गर्ने) ऐन, २०७४ सम्झनु पर्छ ।

(ख) "कार्यपालिका" भन्नाले रोङ गाउँ कार्यपालिका सम्झनु पर्छ ।

(ग) "गाउँपालिका" भन्नाले रोङ गाउँपालिका सम्झनु पर्छ ।

(घ) "सभा" भन्नाले संविधानको धारा २२२ बमोजिमको गाउँसभा सम्झनु पर्छ ।

(ङ) "सविंधान" भन्नाले नेपालको सविंधानलाई सम्झनु पर्छ ।

३. **<u>नियम बनाउने अधिकार</u>** : (१) नेपालको संबिधान तथा स्थानिय सरकार संचालन ऐन ,२०७४ बमोजिम गाउँपालिकालाई तोकिएका अधिकार क्षेत्रभित्रका विषयमा तोकिएको कार्य जिम्मेवारी निर्वाह गर्न अपनाउनु पर्ने कार्यविधि नियमित गर्नका निमित्त रोङ गाउँपालिकाले आवश्यक नियम बनाउन सक्नेछ ।
(२) उपदफा (१) बमोजिम नियम बनाउँदा सघींय तथा प्रदेश कानून बमोजिम स्थानीय तहको क्षेत्राधिकार भित्र पर्ने विषयमा मात्र बनाउन पर्नेछ ।

४. **<u>निर्देशिका, कार्यविधि र मापदण्ड बनाउन सक्ने</u>** : (१) संविधान ,ऐन तथा यस ऐन अर्न्तगत बनेको नियमावलीको अधिनमा रही रोङ गाउँ कार्यपालीकाले आवश्यता अनुसार निर्देशिका, कार्यविधि र मापदण्ड बनाई लागू गर्न सक्नेछ ।

आज्ञाले,
डिक प्रसाद दाहाल
रोङ गाउँपालिकाको प्रमुख प्रशासकीय अधिकृत